**निर्णय नं. १**

स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (ब्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०८२ अनुसार गत आ.व. २०८१/०८२ को कार्य सम्पादन विवरण प्रणालीमा प्रविष्ट गर्दा प्राप्त अंक ८२.४ सहित पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाएको पाईयो ।

**निर्णय नं. २**

धनकुटा नगरपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको संस्थागत विद्यालय श्री तमोर भ्याल्ली सेकेण्डरी स्कुलमा हाल कक्षा १० सम्म सञ्चालन भइरहेको र कक्षा ११ सञ्चालनको अनुमतिका लागि आवश्यक कागजात संलग्न राखी निवेदन पेश गरेको हुनाले उक्त विद्यालयलाई कक्षा ११ सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

धनकुटा नगरपालिका वडा नं.६ मा रेहेको ह्याप्पी किड्स मन्टेश्वरी विद्यालयमा हाल मन्टेश्वरी कक्षा सञ्चालनमा रहेको र कक्षा १ सञ्चालनका लागि अनुमति पाउन आवश्यक कागजात संलग्न राखी निवेदन पेश गरेको हुनाले उक्त ह्याप्पी किड्स मन्टेश्वरी विद्यालयलाई कक्षा १ सञ्चालनका लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

शिक्षा नियमावली २०५९ को अनुसूची २९ वमोजिम धनकुटा नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका समुदायिक तथा संस्थागत विद्यालयलाई निम्नानुसार वर्गिकरण गर्ने निर्णय गरियो।

निम्न

| क.सं. | सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयको नाम | विद्यालय स्तरीकरण / वर्गीकरणको आधार | कैफियत |
|---|---|---|---|
| १ | श्री गोकुण्डेश्वर मावि सिरानवजार धनपा-६ | ख | |
| २ | श्री गोकुण्डेश्वर वालमन्दिर मावि धनपा-५ | ख | |
| ३ | श्री त्रिवेणी मावि चुलिवन धनपा-७ | ख | |
| ४ | श्री भाषा मावि कागतेधनपा-३ | ख | |
| ५ | श्री हिले मा वि हिले धनपा-१ | ख | |
| ६ | श्री देउराली मावि सान्ताङ्ग धनपा-८ | ख | |
| ७ | श्री देउराली मावि वेलाहारा धनपा-९ | ख | |
| ८ | श्री जनकल्याण मावि मार्गा धनपा-१० | ख | |
| ९ | श्री श्रीमान टंक मावि भिरगाउ धनपा-२ | ख | |
| १० | श्री कौशिका आवि मूलघाट धनपा-९ | ग | |
| ११ | श्री आधारभूत विद्यालय उत्तरपानीधनपा-१० | ग | |
| १२ | श्री थानी आवि गुठिटार धनपा-९ | ग | |
| १३ | श्री राष्ट्रिय जनता आवि टेकुनाला धनपा-८ | ग | |
| १४ | श्री सल्लेरी आवि कर्मिटार धनपा-५ | ग | |
| १५ | श्री जनता आवि लाकुरे धनपा-३ | ग | |
| १६ | श्री चंचलादेवी आवि ओख्मालुङ्ग धनपा-१ | ग | |
| १७ | श्री ज्ञानोपार्जन आवि भिरगाउ धनपा-२ | ग | |

| | | | |
|---|---|---|---|
| १८ | श्री सिंहदेवी आवि खाल्डे धनपा-६ | ग | |
| १९ | श्री वालकल्याण प्रावि वाके धनपा-१ | ग | |
| २० | श्री जनकल्याण प्रावि सिंजालीगाउ धनपा-१ | ग | |
| २१ | श्री चन्द्र प्रावि गुरासे धनपा-२ | ग | |
| २२ | श्री धर्मोदय प्रावि रमिते  धनपा-२ | ग | |
| २३ | श्री डिल्ली प्रावि किन्ताङ धनपा-२ | ग | |
| २४ | श्री मधुगंगा प्रावि वैरे धनपा-२ | ग | |
| २५ | श्री मार्गेश्वरी प्रावि भीरगाउ धनपा-२ | ग | |
| २६ | श्री रत्न सरस्वती प्रवि भिरगाउ धनपा-२ | ग | |
| २७ | श्री चतुर्भूज प्रावि सिलुङ्गा धनपा-३ | ग | |
| २८ | श्री ज्वालादेवी प्रावि स्याउले धनपा-३ | ग | |
| २९ | श्री मार्गेश्वरी प्रावि छारागाउ धनपा-४ | ग | |
| ३० | श्री आत्मारा प्रावि धनपा-६ | ग | |
| ३१ | श्री वागेश्वरी प्रावि पात्लेखोला धनपा-६ | ग | |
| ३२ | श्री चुलीवन प्रावि चाम्जीवुङ धनपा-८ | ग | |
| ३३ | श्री जिमी प्रावि याक्ते धनपा-८ | ग | |
| ३४ | श्री अमरज्वती प्रावि माहाङ धनपा-९ | ग | |
| ३५ | श्री वालकल्याण प्रावि वेलहारावेशी धनपा-९ | ग | |
| ३६ | श्री कन्यादेवी प्रावि सावावारी धनपा-९ | ग | |
| ३७ | श्री सिंहदेवी प्रावि रुद्रवारी धनपा-९ | ग | |
| ३८ | श्री मार्गादेवी प्रावि डुम्रेसान्ने धनपा-१० | ग | |
| ३९ | श्री सिद्धेदेवी प्रावि  धनपा-१० | ग | |
| ४० | श्री विश्रान्तिधाम संस्कृत गुरुकुल धनपा-९ | ग | |
| ४१ | श्री निजामती आ.वि. धनपा-७ | ख | |
| ४२ | श्री  लालिगुराँस ई.वो. स्कूल धनपा-४ | ग | |
| ४३ | श्री तमोरभ्याली मावि धनपा-७ | ख | |
| ४४ | श्री तुलसीमेहर मावि   धनपा-७ | ख | |
| ४५ | श्री वालसंसार मावि  धनपा-६ | ख | |
| ४६ | श्री दीप मावि धनपा-६ | ख | |
| ४७ | श्री धनकुटा वो.स्कूल  धनपा-५ | ख | |
| ४८ | श्री मोडेल स्कूल  धनपा-३ | ग | |
| ४९ | श्री मनकामना मावि  धनपा-१ | ख | |
| ५० | श्री मदरल्याण्ड मावि धनपा-१ | ख | |
| ५१ | श्री पोलस्टार ई.वा. स्कूल धनपा-३ | ग | |

| | | | |
|---|---|---|---|
| ५२ | श्री निलगिरी मावि धनपा-१ | ख | |
| ५३ | श्री विद्यासागर एकेडेमी धनपा-७ | ग | |
| ५४ | श्री दीप ज्योती  ई. वो स्कूल धनपा - १ हिले | ख | |
| ५५ | श्री नवज्योती  शिक्षा सदन धनपा-५ | ग | |
| ५६ | श्री इस्टन स्टार वों स्कूल धनपा-९ | ग | |
| ५७ | ह्यापी किड्स मन्टेश्वरी स्कुल | ग | |

**निर्णय नं. ५**

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगरको च.नं.८८२ मिति २०८२।११।२८ को प्राप्त पत्रानुसार आ.व. २०८३।०८४ का लागि समपुरक अनुदान (कोशी प्रदेश ४०% र स्थानीय तह ६०% को लागत साझेदारी) बाट सञ्चालन हुने गरी तपसिलमा उल्लिखित योजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगर पठाउने निर्णय गरियो ।

तपसिल :

१. विहिवारेहाट-मालवासे- भिरगाउ सडक स्तरोन्नति धनपा ५,२

२. विहिवारेहाट-ठोका-दाहाल चौतारा- भिरगाउ सडक स्तरोन्नति धनपा ५,४र २

**निर्णय नं. ६**

धनकुटा नगरपालिका वडा नं. ८ स्थित राष्ट्रिय आ.वि. टेकुनाला र धनपा-९ मुलघाट स्थित कौशिका आ. विद्यालय लाइ अंग्रेजी गणित र विज्ञान शिक्षण सहयोगका लागि गत वर्ष सम्म १/१ जना शिक्षकलाइ पुग्ने रकम अनुदान शिर्षकमा प्राप्त भइ रहेकोमा चालु आ.व मा रु ४६२००० मात्र प्राप्त हुन आएकोले उक्त रकमले १ जनालाई मात्र पुग्ने भएको र २ जना नै कार्यरत रहिरहेको अवस्थामा थप ४६२००० रकम नपुग भएकोले चालु आ.व को स्वीकृत रकम व.शी.नं. २२५२२ थानी युवा क्लव धनपा-९ खेलकुद कार्यक्रममा स्वीकृत रकम रु ३००००० बाट दुवै विद्यालयलाई १५०००० हजारका दरले दुबै विद्यालयलाई उपलब्ध गराउने र बाँकी नपुग रकम रु १६२००० रकम वडा नं ८ र ९ ले वडा अनुदानबाट क्रमश ८१००० का दरले व्यहोरी दुबै विद्यालयको शिक्षण सहयोग अनुदान पुरा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

धनकुटा नगरपालिका वडा नं.४ मा रहेको श्री मार्गेश्वरी विद्यालयको विशेष कक्षा सञ्चालनका लागि चालु आव.व. को स्वीकृत कार्यक्रम व.शी.नं २२५२२ बाट रु ३५०००० विशेष कक्षा सञ्चालनका लागि एकमुष्ठ शिक्षण सहयोग अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुको उमेर हदका बारेमा शिक्षा नियमावली २०५९ को नियम १३१ मा शिक्षकको उमेर हद ६० वर्ष रहेको हुँदा शिक्षक सरहनै कार्यान्वयन हुने आसय उल्लेख भएको हुनाले धनकुटा नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय प्रशासन सहायक, लेखा सहायक, सहयोगी कर्मचारी, अस्थायी शिक्षक, प्रारम्भिक बाल विकास केन्द्रका परिचालियकाको उमेर हद नियमावलीको आसय बमोजिम ६० वर्ष कायम गरी उक्त उमेर पुरा भएका उल्लेखित सबैलाइ अवकास दिन सबै विद्यालयलाइ पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

आधारभूत तह अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित पालिका घोषणा कार्यान्वयन गर्न विद्यालय शिक्षा भन्दा बाहिर रहेका ५-१२ वर्ष उमेर समूहका बालबालिकाहरुको तथ्याङ्क विवरण बैठकमा पेश भइ शैक्षिक सत्र २०८३ मा वडा समिति र विद्यालयहरुले विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन २०८३ को विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी रुपबाट सञ्चालन गर्न वडा कार्यालय तथा विद्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनूसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका सम्बन्धमा मिति २०८२/१२/१९ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को नियम ४ को उपनियम ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | सोमी लाप्चा | धनकुटा न.पा. ६ | धनकुटा बजार-९ | ५११ | ०-२-१-० | छुट भएको | ब्यावसायिक |

**निर्णय नं. १०**

स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (ब्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०८२ अनुसार गत आ.व. २०८१/०८२ को कार्य सम्पादन विवरण प्रणालीमा प्रविष्ट गर्दा प्राप्त अंक ८२.४ सहित पृष्ठपोषणका लागि धनकुटा नगरकार्यपालिकाको २०८२/१२/१५ को निर्णयानुसार जिल्ला समन्वय समितिमा पठाएकोमा जिल्ला समन्वय समितिवाट पृष्ठपोषण सहित फिर्ता प्राप्त हुन आएको कार्य सम्पादन मूल्याङ्कनलाई पृष्ठपोषण समेतका आधारमा सूचकगत अंक र सोको पुष्ट्याइँका प्रमाण तथा कागजातको अध्ययन ,विष्लेषण गरी स्वः मूल्याङ्कन नतिजालाई अन्तिम रुप दिन संघीय मामिला तथा सामानाय प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रदेश योजना आयोग कोशी प्रदेश विराटनगरको 2082/12/09 को आ.व. 2083/2084 का लागि प्रदेशवाट सञ्चाल गरिने योजना/कार्यक्रमको लागि प्रस्ताव योजना वैंकमा प्रविष्ट गर्ने सम्बन्धको सूचना आजको वैंठकमा पेश भइ छलफल हुँदा तपसीलमा उल्लेखित योजनाहरु प्रदेश योजना वैंकमा प्रविष्ट गर्ने निर्णण गरियो ।

१. फोकिम थान छोटी रोड स्तरोन्नती धनपा-०७ रु १६३४६२५५
२. सल्लेरी खेल मैदन धनकुटा नगरपालिका-५ रु १३९५५०००
३. मार्गा-कागते-स्याउले-भिरगाउ सडक स्तरोन्नती रु ५००००००
४. धनकुटा नगरपालिका-०५ को तल्लो टुडिखेल मर्मत धनपा ४ ५००००००
५. बिहिबारे हाट-ठोका-भिरगाउँ-ताङ्खुवा सडक स्तरोन्नती धनपा ४ १००००००
६. कालो ढुङ्गा-अमलाटार-सडक स्तरोन्नती धनपा ४ १००००००

७. बिहिबारे हाट-मालबासे-भिरगाउँ सडक स्तरोन्नती १००००००० 
८. पिपिल डाँडा कृषि संकलन केन्द्र निर्माण धनपा ४ १००००००० 
९. ह्न्छेन छोलिङ्ग गुम्वा मर्मत धनपा ४ ५०००००० 
१०. श्री पञ्पमी पार्क निर्माण धनपा ४ १००००००० 
११. सिमसार पर्यटन पुर्वाधार सम्बन्धमा उत्तपानि धनपा १०- १००००००० 
१२. उत्तरपानी चौधरी गाउँ कृषि सडक स्तरोन्नती धनपा १०-१००००००० 
१३. मन्धारा पात्ले उत्तरपानी कृषि सडक स्तरोन्नती धनपा १०-१००००००० 
१४. पात्लेखोला डुम्रे सान्ने धर्मसाला कृषि सडक स्तरोन्नती धनपा १०-१००००००० 
१५. मार्गा पात्ले कागते सडक स्तरोन्नती धनपा १०-५००००००० 
१६. डुम्रिवोटे झोलुङ्गे पुल धनपा ६- २५००००० 
१७. सल्लेरी वरवोटे बाघेखोला सडक धनपा १-१००००००० 
१८. पर्यटन पुर्वाधार धनपा १- ५०००००० 
१९. थिङ सभाहल निर्माण-धनपा १-२५००००० 
२०. धनपा हुदै बिहिवारे हाट ढल निर्माण धनपा-५ माथिल्लो कोप्चे २५००००० 
२१. च्याने पाखा भाषा खेल मैदन हुदै भट्टराइ चोक सडक धनपा ६ (खाल्डे) १००००००० 
२२. श्रीमाने गोलाइ-सिसिङ्ग-भाषा कागते घुम्ति सडक धनपा ३- १००००००० 
२३. भिरगाउँ किन्ताङ्ग सडकधनपा २-१००००००० 
२४. गोठगाउँ पात्ले सडक धनपा ६-१००००००० 
२५. धर्मगंगा शिलढुङ्गा पर्यटकीय पैदन मार्ग निर्माण ५०००००० 
२६. भाषा खेलमैदान-स्वास्थ्य संस्था-चिलाउनेवोटे सडक धनपा ३- १००००००० 
२७. धर्मगंगा मन्दिर धार्मिक पूर्वाधार निर्माण धनपा ६- ५०००००० 
२८. रुद्रवारी हाँडि थुम्का बाघखोर अमरडवी-च्याङ्ग्चयाङ्ग बारी सडक स्तरोन्ती धनपा ९ -३ करोड 
२९. इटहरी चोक-हेलथपोष्ट-देउराली सडक कालोपत्रे गर्ने धनपा ९ - १ करोड 
३०. राजारानी वेसी सडक स्तरोन्नती धनपा ९ - १ करोड 
३१. वेलाहारा स्वास्थ्य चौकी भवन निर्माण धनपा ९ -२५००००० 
३२. देउराली मा.वि भवन निर्माण धनपा ९ २५००००० 
३३. थुम्कीडाँडा पर्यटन विकाश कार्यक्रम धनपा ९ -५०००००० 
३४. जालपादेवी कृषि सहकारी तरकारी संकलन केन्द्र निर्माण धनपा ९ -२५००००० 
३५. लेदे सिचाई योजना धनपा ९ -२५००००० 
३६. वर्रावोटे झुलुङ्गे पुल सिचाई योजना धनकुटा-९-२५००००० 
३७. रायागाउँ खानेपानी योजना धनपा ९ -२५००००० 
३८. बाघखोर खेलकुद मैदान निर्माण धनकुटा-९ २५००००० 
३९. तमोर लिफ्लिङ्ग खानेपानी- १० करोड 
४०. छोटी-खाम्बेला सडक स्तररोन्नती-धनपा-७ र ८- ५ करोड 
४१. आठपहरीया शहिद रामालिहाङ्ग-रिद्दमाहामङ्ग रिङरोड स्तरोन्नती- ५ करोड 
४२. चुलिबन-चाम्चिबुङ्ग-८ नं. वडा कार्यालय सडक स्तरोन्न्ती-धनपा-८- १५ करोड 
४३. सोरोद्दाङ्ग पोखरी सडक स्तरोन्नती-धनपा-८- १ करोड

४४. खाम्बेला-लुकुवा-झुन्डुवावेसी सडक स्तनोन्ती तथा नायाँ ट्राक-धनपा-८- ५ करोड
४५. लुकुवा-डाडाँ टोल-सिवा वेसी सडक स्तरोन्नती-धनपा-८- १ करोड
४६. खाम्वेला-फुजुलुङ धनपा-८ र ५- कजवे निर्माण- ५० लाख
४७. वालुङ्ग-थाङजेमा क्षेत्रमा ग्याविन जाली निर्माण - ५० लाख
४८. देउराली मा.वि. सानताङ्ग कम्पाउण्ड घेरावार निर्माण- ५० लाख
४९. आठपहरीया सामुदायकि भवन निर्माण धनपा ८- ५० लाख
५०. खाम्वेला पर्यटन प्रवर्द्धन कार्यक्रम धनपा ८ — ५० लाख
५१. सिकारे डाडा यावालुङ्ग संरक्षण र पर्यटन प्रवर्द्धन कार्यक्रम-५० लाख
५२. खेल मैदान निर्माण धनपा ८ — ५० लाख
५३. थाङ्जेमा खोलामा झोलुङ्गे पुल निर्माण- ६० लाख
५४. छिडेन डुम्रे धनपा-८ र सागुरी गा.पा-०३ जोड्ने तमोर नदी झोलुङ्गे पुल निर्माण-१ करोड
५५. मोङ्ग्रे रमिते झोलुङ्गे पुल निर्माण तांखुवा खोला- १ करोड
५६. जिरोप्वाईन्ट देखी चिरविरे चौतारा जाने कच्ची सडक स्तररोन्नती अनुमानित बजेट रकम रु २,००,००,०००/- (दु करोड मात्र) क्रमागत
५७. परिचयमोड देखि श्रीवानी सम्मको शहरि ढल निर्माण अनुमानित बजेट रकम रु १,५०,००,०००/- (एक करोड पचास लाख मात्र)
५८. खानेपानी आयोजना अन्नर्गत चुवावुङ फोङसुवा टोलमा खानेपानी व्यवस्थापन कार्यक्रम अनमानित बजेट रकम रु १,००,००,०००/- (एक करोड मात्र)
५९. पर्यटन प्रवर्द्धन अन्तर्गत चुलिवन पार्क व्यवस्थापन कार्यक्रम अनुमानिक बजेट रकम रु १,००,००,०००/- (एक करोड मात्र)
६०. धार्मिक तथा सांस्कृतिक क्षेत्रका पूर्वाधार कार्यक्रम अन्तर्नगत धनकुटा नगरपालिका वडा नं ७ भित्रका मठ मन्दिर पुन निर्माण अनुमानित रकम रु ५०,००,०००/- (पचास लाख मात्र)

**<u>निर्णय नं. १२</u>**

विश्व वैंकको सहयोगमा धनकुटा नगरपालिका १ हिले- (षडेश्वर मन्दिर) भिरगाउ -मधुगंगा सडक स्तरोन्नति कार्य गरिरहेको आशिष आशिर्वाद स्वामी नारायण जेभि सुनसरीले सम्झौताको म्याद २०८२/११/१६ मा समाप्त भएको र उक्त समयावधीवाट २०८२/१२/३० सम्ममा सडक निर्माण कार्य सम्पन्न गर्न सम्झौताको म्याद थप गरिदिन दिएको निवेदन अनुसार उक्त सम्झौताको म्याद थपको सहमतीका लागि शहरी शासकीय तथा पूर्वाधार आयोजना आयोजना कार्यान्वयन इकाइ, ववरमहल काठमाडौमा मिति २०८२/१२/१२मा लेखि पठाएकोमा आयोजना कार्यान्वयन इकाइ ववरमहलवाट माग वमोजिम २०८२/१२/३० सम्म म्याद थप गरी धनकुटा नगरपालिका १ हिले- (षडेश्वर मन्दिर) -भिरगाउ -मधुगंगा सडक स्तरोन्नति कार्य सम्पन्न गराउन सहमती दिएको इमेल मिति २०८२/१२/१९ मा प्राप्त हुन आएको हुनाले अन्तिम पटकका लागि उक्त सहमती अनुसार २०८२/१२/३० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौताको म्याद थप गर्ने र सो समयमा पनी निर्माण कार्य सम्पन्न नगरेमा निर्माण व्यवसायीलाइ नियमानुसार कार्यवाही हुन सक्ने जानकारी गराउने निर्णय गरियो ।